

३८ वर्ष रेडियोमा बोल्नु भएकी कल्याणी रिमाललाई अहिले पनि नचिने काहरूले बोलेको सुने भने रेडियोमा सुनेको स्वर जस्तो लाग्यो भन्छन् । दु:खले त्यो बेला खाएको जागिरले पाएको सबैभन्दा ठूलो सम्पत्ती स्रोताको यस्तै माया हो ।

# आवाजकी धनी : कल्याणी रिमाल



● लक्ष्मी पौडेल

पूर्व रेडियोकर्मी कल्याणी रिमालको दैनिकी हिजोआज पनि बिहानै पत्रपत्रिका पढ्ने र दिउँसो पनि समय समयमा समाचार सुनेर देशविदेशका पछिल्ला घटनाक्रम बारे अपडेट हुनैपर्छ । वि.सं. १९९३ सालमा काठमाडौंको कोटेश्वरमा जन्मिनु भएकी रिमाल रेडियो नेपालकी वरिष्ठ रेडियोकर्मी हुनुहुन्छ । करिब ३८ वर्ष रेडियो नेपालमा पत्रकारिता गर्नुभएकी उहाँ अप्ठयाराहरूबीच नै सम्भावना खोज्नुपर्छ भन्ने मान्यता राख्नुहुन्छ ।

कल्याणी रिमालको जन्म हुँदा घरमा दुई दिदी र एक दाइ हुनुहुन्थ्यो । एउटी दिदीको बिहे पनि भैसकेको थियो । उहाँ पनि ६ महिना हुँदा आमासँग भारत जानुभयो । त्यति बेलाको सामाजिक परिवेशका कारण पौडेल परिवार विचलित भयो । कल्याणीका बुबा कृष्णप्रसादलाई झुट्टा सामाजिक मुद्दा लागेपछि आमा चन्द्रकला पौडेल तीन छोराछोरी लिएर भारत पस्नुभयो । भारत पस्नुको कारण कथा जस्तै लाग्छ, अझ भन्नुपर्दा पत्याउनै गाह्रो ।

कल्याणी ६ महिनाकी हुँदा दिदीको बिहेका बेला 'अपसगुन' (स्थानीय चलनचल्ती अनुसार बिहे तथा पुजाआजामा केही नराम्रो हुनु) पऱ्यो । बिहेका लागि सेलरोटी पकाउँदै गर्दा नाइलो डढ्यो । त्यसलगत्तै बुवा कृष्णप्रसादलाई सामाजिक मुद्दा लाग्यो । मुद्दाबाट आमा चन्द्रकलाले बुवालाई छुटाउनुभयो । त्यतिबेलाको सामाजिक परिवेशमा छुवाछुत र विभेद चर्को थियो । प्रजातन्त्र नआएको बेला राणा शासनको जर्जरताका बीच सामाजिक मुद्दामा परेको घरपरिवारले छोएको समाजले खाँदैनथ्यो । त्यही विश्वासका कारण छरछिमेक चिनेजानेकाले एक्ल्याउन थाले, कोही कसैकोमा जाने बाटो टुट्यो । सामाजिक मुद्दा लागेकै कारण कृष्णप्रसाद विरक्तिएर घर छोडेर भौंतारिन थाल्नुभयो । मानसिकरुपमा उहाँका बुबा विक्षिप्त जस्तै भएर घर कहिले आउने, कहिले नआउने, घरपरिवारको मतलब नगर्ने खालको हुनुभयो । कल्याणीका चार दिदीबहिनी मध्य एउटीको बिहे भैसकेको थियो । अरु दुई जनालाई आफूलाई कन्यादान गरेकी धाईआमाको जिम्मा लगाएर आमा चन्द्रकलाले कल्याणी (काखको छोरी) लाई लिएर भारत जानुभयो । यहीं बस्दा समाजका कारण छोराछोरीमा नराम्रो छाप पर्ला, राम्रो पढन पनि नपाउने अवस्थाका कारण चन्द्रकला घर सम्पति त्यत्तिकै छोडेर तीन जना छोराछोरी लिएर बनारस (भारत) जानुभयो ।

कल्याणी त्यहीँ हुर्किनुभयो । आमाले शिक्षाको महत्व बुझेको भएर उहाँलाई पढाउनुभयो र भारतबाटै मेट्रिक पास गरेर नेपाल आउनु भयो । नेपाल आएपछि पद्मकन्या क्याम्पसमा उच्च शिक्षाका लागि पढ्न थाल्नुभयो । क्याम्पस पढ्दै शिक्षण पेशामा पनि आवद्ध हुनुभयो ।

माइती र घरमा सम्पत्ती भए पनि चन्द्रकलाले भारतमा अनेक दुःख गरेरै दुई छोराछोरी हुर्काउने, पढाउने गर्नुभयो । अझ जसरी घर छोड्नु पर्‍यो, त्यसको तनाव पनि नपरेको होइन । तर छोराछोरीलाई सकेसम्म पढाउनुभयो । छोराछोरी हुर्किसकेर भारतमा नै पढ्दै गर्दा चन्द्रकला भने नेपाल आउनुभयो । घरव्यवहार मिलाउन आउनु भएकी चन्द्रकलालाई भारतमा कल्याणीले मेट्रिकभन्दा बढी पढ्न नपाएको पिरलो थपियो । जहाँनिया राणाशासनका बेला चन्द्रकला भारत पस्नु भएको थियो । कल्याणीले भारतमा मेट्रिक पास गरिसक्दा नेपालमा प्रजातन्त्र आइसकेको थियो । ठाउँठाउँमा स्कुल क्यापस खुल्ने र सर्वसाधारणका छोराछोरीले सहजै सुलभ रुपमा रुचीको विषय पढ्न पाउने वातावरण बन्दै गयो । कल्याणीको परिवार काठमाडौंबासी भएकाले पनि धेरै समस्या थिएन । आमाको आग्रह अनुसार नेपाल आएर पद्मकन्या क्याम्पसमा भर्ना भएकी कल्याणीले होम साइन्स (गृह विज्ञान) अध्ययन गर्नुभयो ।

उहाँहरू आउँदा नेपालको अवस्था अलि फरक भइसकेको थियो । २००७ सालको प्रजातन्त्र आइसकेकाले पहिले जस्तो निरंकुश शासन हुँदैन भनेर पनि उहाँको आमाले छोराछोरी लिएर नेपाल फर्किनु भएको हुन सक्ने कल्याणी स्मरण गर्नुहुन्छ । प्रतिष्ठित परिवारमा जन्मिएर पनि विभिन्न आरोह अवरोहका कारण आमाले गरेको संघर्षलाई नजिकबाट देखेको र भोगेका कारण पनि कल्याणीको उद्देश्य केही न केही फरक काम गर्नुपर्छ भन्ने थियो । यद्यपि कल्याणीलाई रेडियो नेपालको जागिरमा झण्डै चार दशक हुन्छु होला भन्ने चाहिँ लागेको थिएन रे ।

प्रजातन्त्र आएपछि २००७ सालमा रेडियो नेपालको स्थापना भयो । रेडियोले विभिन्न समयमा विज्ञापन गरेरै कर्मचारी माग गर्थ्यो । भारतमा संस्कृत भाषा पढेर आएकी कल्याणीको आवाज परीक्षामा पास भएपछि २०११ सालदेखि प्रस्तोताको रुपमा रेडियो नेपालको जागिर सुरु भयो । कार्यक्रमको प्रस्तोताको रुपमा प्रवेश गरेकी कल्याणीले रेडियो नेपालमा बालबालिका सम्बन्धी कार्यक्रम 'बाल कार्यक्रम', महिला सम्बन्धी कार्यक्रम 'महिला कार्यक्रम' र साहित्यिक कार्यक्रम पनि चलाउन थाल्नुभयो ।

त्यतिबेलाको परिवेश सानै उमेरमा विवाह गर्नुपर्ने, महिलाहरू घरधन्दामा मात्रै सिमित हुनुपर्ने, पढ्न र जागिर गर्न नपाउने समय भए पनि कल्याणीको हकमा भने त्यो लागु भएन । जागिर शुरु गर्दा जम्मा १८ वर्षको हुनुहुन्थ्यो ।

## रेडियो प्रवेशपछि बिहे

रेडियो प्रवेश गरेको ३ वर्षपछि २०१४ सालमा रेडियो नेपालकै संस्थापक साहित्यकार हरिप्रसाद रिमालसँग विवाह भयो । हरिप्रसाद पनि रेडियो नेपालमै काम गर्नुहुन्थ्यो । चिनजान हुँदै जाँदा तीन वर्षसम्म पुग्दा सहकर्मी मात्रै भन्दा अलि फरक भइसकेको थियो । एक दिन हरिप्रसादले विवाहको प्रस्ताव राखे । कल्याणीलाई पनि ठिक छ भन्ने लागेर त्यो प्रस्ताव आमा समक्ष लैजानुभयो । अन्तत: आमाले पनि उहाँको निर्णय स्वीकार गरेपछि बिहे भयो ।

बिहे पछि काठमाडौंको लगनमा हरिप्रसादको घरमा संघर्षका दिनहरु शुरु भए । बिहेपछि आम महिलामा थपिने जिम्मेवारीको भारी उहाँमा पनि थपियो । रेडियो नेपालको जागिर भने छोड्नु भएन । तर छोराछोरी जन्मिएपछि भने गर्दै आएको संघर्षले मात्र संभव भएन । २०१७/२०१८ सालतिरको कुरा हो । कल्याणीको जेठा छोरा दुई वर्षका थिए । अर्को बच्चा पेटमा । अफिस (रेडियो नेपाल) समयमा जानुपर्ने, घरमा छोराछोरीलाई छोडेर जानुपर्ने खाँदाखाँदैको गाँस छोड्नुपर्ने आदि कारणले दौडधुप धेरै भएपछि हरिप्रसाद रिमालले श्रीमतीलाई एकै ठाउँमा जागिर खान नहुने सुझाउनुभयो । रेडियोको समय पनि जुनसुकै समय जानुपर्थ्यो । घरमा छोराछोरी हेरिदिने मान्छे नभएका कारण उहाँलाई त्यो कुरा ठिकै लाग्यो र अन्तत उहाँले जागिर छोड्नुभयो ।

त्यसको केही समयपछि कल्याणीले १०-५ बजेसम्मको जागिर खोज्न थाल्नुभयो । त्रिपुरेश्वरमा रहेको महिला विकास प्रशिक्षण केन्द्रमा जागिर पनि पाउनुभयो । जागिर पहिलेभन्दा केही सजिलो भयो । तर कार्यालय सरेर विशालनगर पुग्यो । त्यसपछि कल्याणीलाई झनै धपडी भयो । अहिले जस्तो गाडी हुँदैनथ्यो । बिहान ९ बजे नहिंड्दा १० बजे अफिस पुग्न गाह्रो हुन्थ्यो । बेलुका घर आइपुग्दा कम्तीमा ६ बजिसकेको हुन्थ्यो । काम अफिसमा गरे पनि मन जति घरमा छोराछोरीकै वरिपरि घुमिरहन्थ्यो । घर आइपुग्दा भोकाएका र आत्तिएका हुन्थे । शरीरलाई झनै धपेडी भएपछि त्यो जागिर पनि छोड्नु पर्‍यो । तर सानै उमेरदेखि काम गरिरहेकी कल्याणीलाई घरमै बसिरहनु उचित लागेन । पेटमा

बच्चा हुर्कंदै थियो । कल्याणीले श्रीमान हरिप्रसाद रिमालसामु फेरी रेडियो नेपालमै जोडिने इच्छा व्यक्त गर्नुभयो । रेडियो नेपालले मान्छे खोजिरहेको थियो । श्रोताले कल्याणीलाई खोजिरहेका थिए । श्रीमानसँगको सल्लाहपछि कल्याणीले बच्चा जन्मेपछि फेरि रेडियो जान सुरु गर्नुभयो ।

कल्याणीको बिहे गर्दा घरमा सासु हुनुहुन्थ्यो तर बिहे लगत्तै केही वर्षमै सासु बित्नुभयो । घरपरिवार छुट्टिएकाले कल्याणी र हरिप्रसाद रिमाल दुवै जागिरे हुँदा केटाकेटी हुर्काउन समस्या भयो तर कल्याणीले दुःख गर्न छोड्नु भएन । २०२२ सालमा नयाँ बानेश्वरमा जग्गा जोडेर घर बनाएपछि कल्याणीको परिवार त्यहीं बस्न थालेको हो ।

## बन्दुक अगाडि समाचार पढ्नुपर्ने

महिला विकास प्रशिक्षणको जागिर खाँदै गर्दा धेरै कठिन भएर घरमै बस्ने इच्छा व्यक्त गर्नुभयो । वर्ष दिन जति महिला विकासमा काम गरेपछि श्रीमान्को सल्लाहमा जागिर छोड्नुभयो तर घरमा खाली बस्दा झनै आत्तिए जस्तो लागेर फेरि जागिर शुरु गर्ने निर्णय गरेको उहाँ बताउनुहुन्छ । काम गरेर पैसा आफ्नै हातमा खेलाएको मान्छे, श्रीमानसँग पैसा माग्दा अप्ठ्यारो लाग्यो । कल्याणीले विगत सम्झिदै भन्नुभयो, 'एकदिन रिमालजीलाई पैसा मागेको, मसँग छैन भन्नुभयो । त्यही दिन मलाई मनमा साह्रै नराम्रो लाग्यो र फेरि जागिर खाने विचार गरें । त्यसपछि कल्याणीले लोकसेवा लडेर पास भएर स्थायी हुनुभयो । शुरुको प्रवेश अस्थायी थियो । दोश्रो पटकको रेडियो प्रवेशको केही समयपछि अर्थात २०२५ सालदेखि बल्ल कल्याणीले रेडियो नेपालमा समाचार पढ्न थाल्नुभयो । राजाको शासनका बेला राजपरिवारबाट विभिन्न खबर रेडियोमा प्रायः आइरहन्थ्यो । प्रत्यक्ष प्रसारण गर्दा सेना झ्याल बाहिर बन्दुक तेर्साएर बसेका हुन्थे । बिग्रियो भने ज्यानै जाने खतरा । सम्झिदा अहिले पनि मनमा डर लाग्छ । कल्याणीले उ बेलाको संघर्ष सम्झनुभयो, 'तर त्यहाँ बोल्ने बेला डराएर हुँदैनथ्यो । ढुक्कले बोलेर समाचार र कार्यक्रम प्रत्यक्ष भनिन्थ्यो । कहिल्यै बिगारिनँ मैले ।'

कल्याणी रेडियो नेपाल प्रवेश गर्दा शकुन्तला शर्मा, सावित्री शर्मा, शान्ता श्रेष्ठ लगायतका महिलाहरु काम गर्थे । महिलाहरुलाई काम गर्न घरायसी जिम्मेवारी र सामाजिक परिवेशले अप्ठ्यारो पार्ने गर्थ्यो तर कल्याणीका श्रीमान स्वयं

रेडियो नेपालमै भएका कारण रिमालले नाटक र कथा लेखिरहने हुँदा कतिपय कुरामा भने सजिलो पनि भयो उहाँलाई । रेडियोको काम र बच्चालाई समय दिन नसकेकै कारण नाटक र कथातर्फ कल्याणी लाग्नु भएन । उहाँका श्रीमान् राष्ट्रिय कलाकार भएकाले फुर्सद नहुने । कल्याणी पनि जागिरे र त्यसमाथि बच्चा । त्यो बेलाको काम र तनाव सम्झिँदा कसरी गरें होला भन्ने लाग्छ । उहाँ सम्झिनुहुन्छ, "एकपटक इन्द्रजात्राको बेला छोराछोरीलाई घरमा छोडेर म रेडियोमा गएँ, राती ६/७ बजे आउँदा घरमा केटाकेटी थिएनन् । एकदम डर लाग्यो । यताउती खोज्दै गर्दा पुलिसले लिएर आयो ।" छोराछोरी इन्द्रजात्रा हेर्न भनेर गएछन्, साना केटाकेटी भिडमा हराए । प्रहरीले भेटेर बाबुको नाम सोध्दा पत्ता लगाएर घरै ल्याइ दिएको उहाँको लागि अविष्मरणीय घटना मध्येको एक हो ।

सेतै फुलेको कपाल, चाउरीले मुजा मुजा परेको तर हँसिलो अनुहार, स्पष्ट आवाज सुन्दा लाग्छ, कतै रेडियो नेपाल नै बजिरहेको त छैन । रेडियो मैत्री स्वरकी धनी कल्याणीलाई हिजो आज पनि कतै नचिनेका मान्छेसँग कुरा गर्दैगर्दा कतिपयले ठम्याएर तपाईंको आवाज कतै सुने जस्तो लाग्छ भन्छन्, यो उमेरमा पनि यसरी चिन्दा निकै खुशी लाग्ने उहाँ बताउनुहुन्छ ।

रेडियोमा बोल्ने काम बढी भयो, जसले लेख्ने बानी छुट्यो । अहिले लाग्छ, आत्मकथा लेख्न सकेको भए पनि हुन्थ्यो । यो सुझाव अरुबाट पनि आएको छ । तर लेख्ने बानी नभएकाले अहिले पछुतो लाग्छ ।

त्यस बेलाको सामाजिक परिवेश यस्तो थियो कि, जतिसुकै पढेलेखेको र जान्ने बुझ्ने मान्छे पनि समाजमा रहेको विभेदको शिकार बन्न सक्थ्यो । कल्याणीले आफ्नै महिला सहकर्मीमाथिको विभेद र हिंसा प्रत्यक्ष देख्नु भएको छ । ' पहिलेको समाजमा परिवारका सदस्यहरु मिलाएर काम गर्न असम्भव जस्तै थियो । यद्यपि उहाँले रेडियोको जागिरसँगै घर व्यवहार र बालबच्चालाई दिनुपर्ने समय व्यवस्थापन गरेर काम गर्नुभयो ।

## महिलाको चुनौती

जागिरे भए पनि घर भित्रको र बच्चा हुर्काउने कामको जिम्मेवारी महिलामै भएको देखिन्छ । त्यो बेलाको त झन् के कुरा ? जागिर खानेलाई राम्रो

मान्नेभन्दा नराम्रो मान्ने धेरै हुन्थे, त्यही भएर पारिवारिक सहयोग पाउन पनि गाह्रो भएकाले बिहे भइसके पनि जागिर छोड्नै पर्थ्यो । झन् छोराछोरी जन्मिइ सकेपछि महिलाले जागिर खाने भनेको त विरलै हो । संयमता र सतर्कताका साथ समय व्यवस्थापन गरेर मात्र जागिर खान सम्भव थियो ।

अहिले पनि पत्रकारितामा महिलाहरु दीर्घकालीन रुपमा यो क्षेत्रमा टिक्न नसकेकोमा उहाँलाई चिन्ता छ । हिजोको समाज पुर्णरुपमा परिवर्तन भइनसकेको भन्ने लाग्छ । महिलाप्रति हेरिने दृष्टिकोण र गरिने व्यवहार हिजोको भन्दा थोरै मात्र परिवर्तन भएको उहाँको विश्लेषण छ । यद्यपि यस्तो परिवर्तन चाँडै आउँदैन, धैर्यता गर्नुपर्छ । आफ्नो कर्म, लगनशिलता र दृढता भने आफैसँग हुनुपर्छ । आफू जस्तै कयौं दिदीबहिनीलाई रेडियोमा बोल्न खोज्थे नि तर म वा अर्को एकादुई मात्रै थियौं ।

कतिले त भन्छन् गाउँबाट काठमाडौं आउँदाको संघर्ष तर कल्याणी काठमाडौंमै जन्मिएर पनि अहिले आफैंलाई कथा लाग्ने जीवन भोगेकी छिन् । तर यसरी भन्न खोज्दा त कुरा नै बिर्सिएर हो वा कुन चाहिँ भनुँ भनेर हो भन्नै नसकेको जस्तो अनुभव भएको सुनाउनुहुन्छ । 'आमा शिक्षित भए परिवारै शिक्षित हुन्छ' भन्ने भनाइ उहाँमा पनि लागू भएको छ । हुन आमाले कुनै सर्टिफिकेट लिने शिक्षा पढेको होइन तर ज्ञानको भण्डार त्यो बेलामा पनि कत्ति हो कत्ति, त्यस्तै लाग्छ कल्याणीलाई । आफ्नो आमाकै कारण शिक्षादिक्षा र उचित पालन पोषणसँगै पत्रकारितामा जस्तो क्षेत्रमा काम गर्न पाएकोमा उहाँ अहिले पनि खुशी व्यक्त गर्नुहुन्छ ।

जीवनमा बुबाको माया र उहाँको अविभावकत्वको अभाव भयो । बुबासँग भेट नै नहुने त होइन । हिँडेरै पनि बनारस पनि पुग्नु भएको थियो । तर उहाँलाई परिवारको हेरचाह, घर व्यवहार, छोराछोरीको ख्याल गर्नुपर्छ भन्ने जिम्मेवारीबाट टाढै रहनु भयो भने पनि हुन्छ । कारण थियो, सामाजिक मुद्दा । कल्याणीको बुबालाई सामाजिक मुद्दा लाग्यो, त्यसले उहाँ विचलित हुनुभयो र पारिवारिक जिम्मेवारी भन्दा परै रहनुभयो । यद्यपि आमाको माया, असल अविभावकत्व, शिक्षादीक्षाले आफू यस्तो भएको भन्ने लाग्छ उहाँलाई ।

काठमाडौं शहर नै भए पनि अहिले जस्तो सडक र गाडीको सुविधा थिएन । रातीको कार्यक्रम/समाचार सकेर घर फर्किदा सधैंको जोखिम हुन्थ्यो । हिँडेर

रिपोर्टिङ र अन्तरवार्ताका लागि जाँदा रेडियोमा समाचार तथा कार्यक्रम प्रसारणको समय भैसक्थ्यो। तर यस्ता कुराहरुलाई उहाँ जीवनकै एउटा पाटोका रुपमा लिनुहुन्छ। कतिपय समाचार एकपटक नहेरी सिधैं, अनएयर भएको बेला अलि डर हुन्थ्यो, विशेष गरी राजपरिवारको समाचारमा।

जीवनमा लोभ र आफ्नो क्षमताभन्दा बाहिर सोच्ने बानीले महिलालाई अवसरमा ब्रेक लाग्न सक्छ भन्ने सोच्ने कल्याणी नेपाली मिडियामा अहिलेको महिलाको उपस्थितिबाट सन्तुष्ट हुनुहुन्न। 'धेरै महिला छन् मिडियामा तर उनीहरु मौसमी जस्तो देखिएका छन्। यस्तो हुनुहुँदैन। महिलाले पनि मिडियामार्फत समाज परिवर्तनका लागि योगदान गर्न सक्छन् भन्ने देखाउन महिला आफैं बढी जिम्मेवार हुनुपर्छ।

रेडियोमा समाचार वा कार्यक्रम सुनेर पछ्याउने श्रोता पहिले अत्याधिक हुन्थे। रेडियोमै फोन गरेर कल्याणीसँग बोल्न चाहने र कल्याणीलाई विभिन्न कार्यक्रम र समाचारका लागि अनुरोध गर्नेहरुको उर्जाले पनि कल्याणीलाई आजीवन रेडियोकर्मी बन्न साथ दियो।

'श्रोताका कति फोन आउँथे, हामी प्रश्नोत्तर पनि राख्थ्यौं। स्टुडियोमै फोन गरेर कल्याणीसँग बोल्न चाहन्छु भन्ने कति हुन्थे। पत्र उत्तिकै आउने।' त्यो बेलाको खुशीयालीको माहोल बताइरहँदा अनुहार भरि हाँसो छरिइसक्थ्यो। अझै पनि बाटोमा देख्ने भेट्ने र पुराना मान्छेहरुले कल्याणीलाई रेडियो नेपालमै बोलेजस्तो भनेर उर्जा दिइरहन्छन्। त्यही मायाको शक्तिले आफू बलियो भएको अनुभव गर्नुहुन्छ। त्यतिबेलाका उहाँका फ्यान भनौं वा शुभचिन्तक घरमै भेट्न आउँथे, जुन अचेल पाईंदैन होला।

जीवनको उत्तरार्धमा आफ्ना विगत खोतल्दै जाँदा जीवनमा केही गर्न सकिन कि भन्ने पनि लाग्दो रहेछ उहाँलाई। श्रीमान पनि राष्ट्रिय कलाकार तर सामाजिक रुपमा केही गर्न नसकिएको हुटहुटीले कल्याणीले श्रीमान् हरिप्रसाद रिमालका नाममा कोष नै खडा गर्नुभएको छ। कुराकानीको बिट मार्नै लाग्दा भन्नुभयो, नसकेपछि घरको घरमै। गुमनाम मलाई खोज्न आउनुभयो। धन्यवाद! ●